मर्चवारी गाउँपालिका
**Marchawari Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**
रायपुर, रुपन्देही / Rayapur, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं.:- / Ref. No. :- ०८२/०८३
च.नं.:- / Dispatch No. :- ६११

मितिः २०८२/०७/११८

श्री मर्चवारी गाउँपालिका
रायपुर, रुपन्देही ।

विषयः आ.व. ०८२/८३ को प्रथम त्रैमासिक आ.ले.प. प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस कार्यालयको आ.ब. २०८२/०८३ को प्रथम त्रयोमासमा खर्च भएको विभिन्न बजेट उपशिर्षकहरुको आर्थिक विवरण तथा सो संग सम्बन्धित पेश भएसम्मको श्रेस्ताहरु परीक्षण सम्पन्न गरि तयार गरिएको पाना- ८ को प्रतिवेदन यसै साथ संलग्न छ । प्रतिवेदनमा उल्लेखित व्यहोराको सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को परिच्छेद ६ दफा ३३(८) बमोजिम कार्यान्वयन गराउनुहुन अनुरोध छ।

बोधार्थः
श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,मर्चवारी गाउँपालिका
श्री महालेखापरीक्षकको कार्यालय,काठमाडौं
श्री आर्थिक प्रशासन शाखा,मर्चवारी गाउँपालिका

सुशिल खत्री
सहायक आलेप अधिकृत

CamScanner

# मर्चवारी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## रायपुर, रुपन्देही

| आ.व. | | | देखि | सम्म | जम्मा बेरुजु रु. |
|---|---|---|---|---|---|
| ०८२/०८३ | कार्यालय प्रमुख | उपमन्यू त्रिपाठी | २०८२/०४/०१ | हालसम्म कार्यरत | |
| | लेखा प्रमुख | युवराज घिमिरे | २०७७/०९/१० | हालसम्म कार्यरत | |

**परिचय:** लोकतन्त्रका लाभहरुको समानुपातिक ,समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो बिकासको अवधारणा अनुरुप समाजबाद उन्मुख सङ्घिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई मुर्त रुप दिन देशमा स्थानीय सरकारको आवश्यकता महसुस भए अनुरुप मर्चवारीमाई गाउंपालिकाको स्थापना २०७३ सालमा भएको हो ।

साविक सेमरा मर्चवार सिलौटीया र बगौली गाविसलाई गाभेर बनाइएको मर्चवारी गाउँपालिका ,लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्ला 15 गाउँपालिका मध्येको एक हो । पुर्व पश्चिम हुलाकी सडक अन्तर्गत भैरहवा लुम्बिनी खण्डको बनगाइ देखि करीब 10 किलोमिटर दक्षिण 27.370218 ,पूर्वी देशान्तर र उत्तर अक्षाशसम्म अवस्थित यो गाउँपालिका समुन्द्र सतह देखी करिब 83.329978 संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय :श्रोत)वर्ग किलोमिटर 58.26 मिटरको उचाइमा छ । 92.1 क्षेत्रफल भएको यो गाउँपालिका रुपन्देही जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं.४ मा पर्दछ। यो गाउँपालिका विविध प्राकृतिक भौगोलिक ,एवं संस्कृतिक रुपले भरिपूर्ण रहेको छ ।

खुल्ला दिसा मुक्त र पूर्ण खोपयुक्त यस गाउँपालिकाको चारैतिर खेतीयोग्य जमीन रहेको छ। २०७८ सालको राष्ट्रिय जनगणना अनुसार यस गाउँपालिकामा रैथाने थारुबनिया लगाएतका साथै विभिन्न जातजातिहरुको ,गुप्ता ,कुर्मी ,लोध ,यादव , कलवार ,शुक्ला , बसोबास रहेको छ। रुपन्देही जिल्लाकै कम बिकसित गाउँपालिका मध्येकै एक भएपनि कृषी उत्पादनको असिमित सम्भावनाले भरिपुर्ण यो गाउँपालिकामा धानत ,आलस ,गहुँ ,ोरी आलु आदि प्रसस्त रुपले उत्पादन हुने मुख्य बालिहरु हुन् । आकाशेपानिको , मम्फली , वुटवल लगायत भारतमा पनि विक्रि वितरण ,भर पर्नुपर्ने यस गाउँपालिकामा बाह्रै महिनाको खेति गरि उत्पादित खाद्य पदार्थ भैरहवा गरिन्छ।

ठुलाबजार क्षेत्रबाट टाढा रहेको मर्चवारी गाउँपालिका कृषी उत्पादनका असिमित अवसरहरुको अध्ययन र अनुसन्धान गरि कृषी क्षेत्रलाई मुख्य प्राथिमकताका साथ विभिन्न योजना तथा कार्यक्रमहरु बनाई प्रभावकारी कार्यान्वयन गर्न सकेमा निकट भविष्यमा रुपन्देही जिल्लाको मात्र नभई सिंगो नेपालकै मुख्य खाद्यन्न भण्डारको रुपमा स्थपित हुने कुरामा कुनै दुइमत छैन ।

CamScanner

## भौगोलिक अवस्थिति

सीमाना

**पुर्व** :- भारतको उत्तर प्रदेश

**पश्चिम** :- सम्मरीमाई गाउँपालिका

**उत्तर** :-कोटहिमाई गाउँपालिका

**दक्षिण** :- भारतको उत्तर प्रदेश

**राजनैतिक तथा प्रशासनिक विभाजन**

प्रदेश : लुम्बिनी
जिल्ला : रुपन्देही
केन्द्र : रायपुर
वडा संख्या : ७
सभा सदस्य : ३८

CamScanner

**त्रैमासिक खर्चको अवस्था**

मर्चवारी गाउंपालिकाले चालु आ.व को पहिलो ३ महिनामा चालुतर्फ १०.६७ प्रतिशत र पूंजिगत तर्फ शून्य खर्च गरेको अवस्था छ ।पूंजिगत तर्फको बजेटलाई अन्तिम त्रयोमासमा अत्यधिक खर्च गर्ने विगतको प्रवृत्तिमा सुधार गरी खर्चलाई प्रत्येक त्रयोमासमा सन्तुलित तवरले गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्छ ।

**आन्तरिक नियन्त्रण** : स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी नियमितता तथा कार्यदक्षतापुर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने भनी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्पष्ट उल्लेख भए पनी यस कार्यालयले हाल सम्म आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेकोले ऐनमा भएको व्यवस्थालाई कार्यान्वयन गर्नुपर्ने ।

**सामुदायिक बिद्यालयको गुणस्तर :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार सम्बन्धित स्थानीय निकाययले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तरको स्तर नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को खण्ड १ कार्यक्रम कार्यान्वयन सम्बन्धित मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गर्न र शिक्षामा गरिने लगानी प्रभावकारी बनाउन आफ्नो तह, संयन्त्रमा अनुदान व्यवस्थापन युनिट निर्माण गरी अनुदानको निकाशा गर्ने व्यवस्था गरेकोमा सो अनुसार कार्य गरेको पाइएन ।

राष्ट्रिय शिक्षा निति २०७६ मा विद्यालय शिक्षालाई गुणस्तर युक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरिक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्यौँकन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षकि गुणस्तर मापन मापदण्ड तयार गरी

CS CamScanner

| | | | |
|---|---|---|---|
| | | अनुगमन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस अनुसार नियमानुसार व्यहोरा रहेका छन ।<br>- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।<br>- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।<br>- अनुगमन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।<br>- प्रतिवेदन सार्वजनिक गरेको छैन ।<br>तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मुल्याँकन प्रतिवेदन तयार गर्नुपर्नेछ ।<br><br>राष्ट्रिय शिक्षा निति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सिमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पुर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानसार रहेको छ ।<br>- निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।<br>- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।<br>- निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।<br>- शुल्क निर्धारण र त्यसको कार्यान्वनको अनुगमन गरेको छैन ।<br>- अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।<br>अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ । | |
| | | **बरबुझारथ** :आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को परिच्छेद १७मा कर्मचारीले आफु सरुवा, बढुवा हुदा वा अवकास प्राप्त गर्दा वा लामो अवधिमा काज वा विदामा रहदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारी कागजात म्याद तोकिएकोमा तोकिएको म्यादभित्र र म्याद नतोकिएकोमा एक्काइस दिन भित्र तोकिए बमोजिम बरबुझारथ गरि तोकिएको ढाचामा बरबुझारथको प्रमाणपत्र लिनु पर्ने व्यवस्था छ तर यस कार्यालयबाट सरुवा/बढुवा भई जाने कर्मचारीले बरबुझारथ गरेको नगरेको | |

सम्बन्धमा कार्यालयमा कुनै स्पष्ट प्रमाण नभएकोले ऐनमा भएको नियम कार्यालयले पालना गर्नुपर्ने ।

वडा सचिवको पदपूर्ती

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्ती अवस्था देहाय बमोजिम रहेका छन् । रिक्त पदको पदपूर्ती समयमा गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ती | रिक्त संख्या |
|---|---|---|---|
| ७ | ७ | ३ | ४ |

सेवा प्रवाहको विवरणः

चालु आ.व को पहिलो ३ महिनामा पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्रस भएको छ ।

| विवरण | सिफारिस भएको संख्या |
|---|---|
| जन्मदर्ता | १९२ |
| मृत्यू दर्ता | ७८ |
| बसाई सराई दर्ता | ४२ |
| विवाह दर्ता | ८५ |
| सम्बन्ध विच्छेद दर्ता | २ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सस सन्तोष जनक देखिएन ।

कानुन निर्माण र कार्यान्वयन

यसमा निम्न व्यहोरा देखिएका छन्

(क) कानून र सञ्चालन स्थिति स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले आ.व. २०८२/८३ को पहिलो ३ महिना सम्म कुनै पनि कानुन निर्माण गरी कार्यान्यनमा

CamScanner

| | | |
|---|---|---|
| | | ल्याएको छैन । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरी लागु गर्नुपर्दछ ।<br><br>(ख) निर्देशिका तथा मापदण्ड- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यन सञ्चालनको लागि जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउने गरी कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।<br><br>(ग) न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको विवाद अल्या भएको छैन । चालु आ.व. २०८२/८३ को पहिलो ३ महिनामा २१ वटा उजुरी तथा विवाद दर्ता भएकोमा यस अवधिमा आंशिक मात्रै फछ्यौट गरिएको छ । दर्ता भएका उजुरीहरु समयमै फछ्यौट गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ |
| | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिए स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । |
| | | जिन्सी निरीक्षण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम १४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना |

CamScanner

| |
|---|
| भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षणको आधारमा मर्मत सम्भार,लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।<br><br>मालसामानको गुणस्तर- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ |
| सहकारी नियमन<br><br>सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी निय २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकामा दर्ता भएका जम्मा सहकारी संस्थाहरु २१ वटा रहेका छन। जसमध्ये सबै सहकारी संस्थाहरु COPOMIS मा समावेश रहेता पनि सहकारी संस्थाहरुको यस अवधिमा पालिकाबाट अनुगमन नभएको विवरण पेश भएको छ। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ । |
| नीति,योजना तथा कार्यक्रम कार्यान्वयन:<br><br>मर्चवारी गाउँपालिकाको आ.व २०८२/८३ को नीति तथा कार्यक्रम २०८२ असार १० गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा कार्यक्रममा प्रस्तुत गरिएका विषयवस्तुहरुमध्ये कतिपय ब्यहोराहरु यस अवधिमा कार्यान्वयनको सुरूवात गरिएको पाईएन । सभामा प्रस्तुत नीति तथा कार्यक्रममा नै उल्लेखित ब्यहोराहरुको कार्यान्वयनको लागि पालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ। नीति तथा कार्यक्रममा उल्लेख भएकामध्ये कार्यान्वयन सुरू नभएका उदाहरणहरु देहाय अनुसार छन। |

CamScanner

| | | | |
|---|---|---|---|
| | | - पिच,नाली, हरियाली ,विद्धुतिकरण,पार्किङ सहितको नमुना सडकलाई बजेटमा प्राथमिकता दिइनेछ,वडाहरुबाट प्राप्त सम्पुर्ण योजनाहरुको प्रोजेक्ट बैंक बनाई कार्यान्वयन गरिनेछ।<br>- बेमौसमी तरकारी खेतिको अवधारणालाई अगाढी बढाईनेछ।<br>माटो सुधारका कार्यक्रमहरू लिईनेछ।<br>- कृषि उत्पादनको लागि कृषि बिउहरु उत्पादन गर्ने ब्यवस्था मिलाईनेछ।<br>- वार्षिक रुपमा ब्यवसाय कर असुली कार्यलाई थप प्रभावकारी बनाउन वडा समितिलाई अभिमुखिकरण सहित सशक्त बनाई परिचालन गरिनेछ।<br>- गाउँपालिकाबाट संचालित आयोजनाहरुको अपनत्व,संरक्षण तथा विकास निर्माणमा जनसहभागिता भन्ने मुल नाराका साथ अनिवार्य लागत सहभागिताको ब्यवस्था गरिनेछ। | |
| | | **इन्धन खर्चको मापदण्ड** : सार्वजनिक खर्चमा मितव्यिता र प्रभावकारीता कायम गर्ने सम्बन्धि नितिगत मार्गदर्शन,२०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्यानुपर्ने साथै सरकारी सवारी साधन सरकारी कामका मात्र प्रयोग गर्ने,सरकारी सरकारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले इन्धन खर्चको सामान्य मापदण्ड तयार गरेपनि सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययि बनाउन कोटा निर्धारण गरी लगबुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । कार्यालयले पदाधिकारी र कर्मचारीका लागि छुटै कुपन वितरण गर्ने गरेको पाइयो । पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरी कार्यालयको लागि एउटै प्रकारको कुप्पन बनाउनु पर्दछ ।यस अवधिमा पालिकाले रु २,७२,९६० /-ईन्धनमा खर्च गरेको देखिन्छ,आगामी दिनमा यस प्रकारका खर्चमा मितब्ययीता अपनाउनु पर्दछ । | |